नेपाल-संस्कृत-विश्वविद्यालय
NEPAL SANSKRIT UNIVERSITY
वाल्मीकि–विद्यापीठ
Balmeeki Campus
.................................. शाखा

☎ 01-5327193
✉ infobalmiki@nsu.edu.np
nsu.balmeeki@gmail.com
Exhibition Road
Kathmandu, Nepal

चलानी नं. (Ref. No.):

पत्र सङ्ख्या (Letter. No.):

# पसलकबल तथा पार्किङ क्षेत्र भाडामा लगाउनेबारेको सूचना

**(प्रथमपटक सूचना प्रकाशित मिति २०८२/१०/०८ गते)**

वाल्मीकि विद्यापीठ अन्तर्गतको दरबारमार्गस्थित तीनधारा संस्कृत छात्रावासका तीनवटा क्लस्टर (Block–A, Block–B, Block–C) मा विभाजन गरिएका पसलकबलहरू र पार्किङ क्षेत्र जे-जस्तो अवस्थामा छन्, सोही अवस्थामा छुट्टाछुट्टै भाडामा लगाउनुपर्ने भएकाले भाडामा लिन इच्छुक मूल्यअभिवृद्धि करमा दर्ता भएका व्यक्ति, फर्म/कम्पनी वा अन्य निकायले आफूले तिर्न सक्ने भाडादर स्पष्ट खुलाई रीतपूर्वकको सिलबन्दी बोलपत्र फाराम दर्ता गराउनुहुन सूचित गरिन्छ । इच्छुक बोलपत्रदाताहरूले पसलकबलका लागि क्लस्टरअनुसार भिन्नाभिन्नै रूपमा र पार्किङ क्षेत्रका लागि बेग्लै बोलपत्र पेस गर्नुपर्ने छ । प्रति बोलपत्र फाराम रु. ७,०००।- (अक्षरेपि सात हजार) मात्र फिर्ता नहुने गरी तिरी वाल्मीकि विद्यापीठ काठमाडौँ र तीनधारा संस्कृत छात्रावास काठमाडौँबाट कार्यालय समयभित्र खरिद र सोही स्थानहरूमा दर्ता गर्न सकिने छ । बोलपत्र फाराम यो सूचना प्रथम पटक प्रकाशित भएका मितिले तिसौँ दिनको कार्यालय समयभित्र खरिद गरिसक्नुपर्ने छ र एकतिसौँ दिन (उक्त दिन सार्वजनिक बिदा परेमा सोको भोलिपल्ट) दिउँसो २:०० बजेभित्र दर्ता गरिसक्नुपर्नेछ । निर्धारित मितिसम्ममा दर्ता भएका बोलपत्रहरू प्रथम पटक सूचना प्रकाशित भएको मितिबाट एकतिसौँ दिनको दिउँसो ३ बजेपश्चात् वाल्मीकि विद्यापीठ काठमाडौँमा खोलिने छ । विस्तृत जानकारीका लागि वाल्मीकि विद्यापीठको वेबसाइट https://balmeekicampus.edu.np/ वा सूचनापाटीमा हेर्नुहुन वा विद्यापीठको प्रशासन शाखामा सम्पर्क गर्नुहुन सूचित गरिन्छ । बोलपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार टेन्डर समितिमा रहने छ ।

☎ 01-5327193
✉ infobalmiki@nsu.edu.np
nsu.balmeeki@gmail.com
Exhibition Road
Kathmandu, Nepal

चलानी नं. (Ref. No.):

पत्र सङ्ख्या (Letter. No.):

# बोलपत्रसम्बन्धी विस्तृत विवरण

**बोलपत्र आह्वानको विषय**

यस बोलपत्रको विषय तीनधारा संस्कृत छात्रावासस्थित पसलकबल र पार्किङ भाडामा लगाउने रहेको छ । पसलकबल र पार्किङको क्षेत्रफल निम्नानुसार रहेको छ ।

| क्र. सं. | विवरण | पसल संख्या | क्षेत्रफल (वर्ग फिटमा) | न्यूनतम बहाल दर (प्रति वर्ग फिट) | ठेक्का अवधि |
|---|---|---|---|---|---|
| १. | Block A (कमलादी मोडतर्फका पसलकबलहरू) | ४ | १४९६ | ३५०।– | ५ वर्ष |
| २. | Block B (छात्रावास गेटदेखि पूर्वका पसलकबलहरू ) | ७ | १०३४ | ३५०।– | ५ वर्ष |
| ३. | Block C (जामे मस्जिददेखि उत्तर छा.वा.मूल गेटसम्म) | ५ | १५५४ | ३५०।– | ५ वर्ष |
| ४. | Parking | - | १८५५ | २५।– | ५ वर्ष |

**बोलपत्रसम्बन्धी अन्य विवरण**

**(क) बोलपत्र गोप्य सिलबन्दी खाममा पेस गर्नुपर्ने छ ।**

**(ख) बोलपत्र फारम प्राप्त गर्ने र दाखिला गर्ने कार्यालय वा स्थान**

- वाल्मीकि विद्यापीठ, प्रदर्शनीमार्ग, काठमाडौँ।

**(ग) बोलपत्र फारम खरिदका लागि लाग्ने दस्तुर**

- रु. ७,०००।– (सात हजार) फिर्ता नहुनेगरी

**(घ) बोलपत्र खोल्ने मिति, समय र स्थान**

- मिति र समय - प्रथम पटक सूचना प्रकाशन भएको मितिले ३१ औँ दिनको दिउँसो ३.०० बजे (उक्त दिन सार्वजनिक बिदा परेमा सोको भोलिपल्ट)

☎ 01-5327193
✉ infobalmiki@nsu.edu.np
nsu.balmeeki@gmail.com
Exhibition Road
Kathmandu, Nepal

चलानी नं. (Ref. No.):

पत्र सङ्ख्या (Letter. No.):

- स्थान – वाल्मीकि विद्यापीठ, प्राचार्य कक्ष

**(ङ) बोलपत्र दाखिला गर्दा राख्नुपर्ने बैना रकम (अर्नेस्ट मनी)**

- आफूले कबोल गरेको बहाल रकमको २.५ (साढे दुई) प्रतिशतले हुन आउने रकम।

**(च) रकम जम्मा गर्ने निकाय र खाता नं.**

- निकाय – वाल्मीकि विद्यापीठ, प्रदर्शनीमार्ग, काठमाडौँ
- खाता नं. ११३०१००००४०६३००१ (रा.वा. बैंक, पुतलीसडक शाखा)

**(छ) बोलपत्र दर्ता गर्दा सिलबन्दी बोलपत्र फारमसाथ पेस गर्नुपर्ने कागजात**

- बोलपत्र दाताको फर्म दर्ताको प्रमाणपत्र र सोको नवीकरणसमेत।
- मूल्यअभिवृद्धिकरमा दर्ताको प्रमाणपत्र।
- आ.व. २०८१/०८२ को करचुक्ता प्रमाणपत्र।
- विद्यापीठबाट जारी गरिएको बोलपत्र फारम खरिदको सक्कल रसिद।
- बोलपत्र दाताले कबोल गरेको बहाल रकमको २.५ (साढे दुई) प्रतिशतको बैंक जमानतको सक्कल प्रति वा सो बराबरको विद्यापीठको बैंक खातामा नगद दाखिला गरेको भौचरको सक्कल प्रति।

**(ज) टेन्डरसम्बन्धी सम्पूर्ण अधिकार विद्यापीठ टेन्डर समितिमा रहने छ।**

**द्रष्टव्य** – पसलकबल निरीक्षणका लागि बिहान ११ बजेदेखि दिउँसो ४ बजेभित्र तीनधारा संस्कृत छात्रावासको प्रशासनमा सम्पर्क गर्न सकिने छ।

अच्युतप्रसाद लामिछाने
प्राचार्य